# युवा तथा खेलकुद मन्त्रालयको
# प्रेस विज्ञप्ति

आज मिति २०७३ आश्विन ११ गते तदनुसार सेप्टेम्बर २७ २०१६ मा माननीय युवा तथा खेलकुद मन्त्री दलजित वि.के. श्रीपालीज्यूसँग संयुक्त अरब इमिरेट्सका राजदुत महामहिम Saeed Hamdan Al Naqei ले युवा तथा खेलकुद मन्त्रालयमा शिष्टाचार भेट गर्नुभयो ।

भेटका अवसरमा द्विपक्षीय सहयोगका विषयमा सौहार्दपुर्ण कुराकानी भयो । छलफलमा दुई देशबीचको मैत्रीपूर्ण सम्बन्धलाई आगामी दिनमा थप सुदृढ पार्न युवा आदान-प्रदान, खेलाडी आदान-प्रदान, स्काउटको विकासमा आपसी सहयोग अभिबृद्धि गर्नुका साथै नेपालको खेल पूर्वाधार विकासमा संयुक्त अरब इमिरेट्स सरकारका तर्फबाट सहयोग गर्ने प्रतिबद्धता व्यक्त भयो । साथै आपसी सम्बन्धलाई सुदृढ गर्दै सहयोगको वातावरण निर्माणका लागि दुवै देशका मन्त्रालयबाट उच्चस्तरीय भ्रमण आदानप्रदान गर्ने गर्ने विषयमा समेत छलफल भयो ।

छलफलमा युवा तथा खेलकुद मन्त्रालयक सचिव श्री महेश कुमार दहाल, सह-सचिवहरु तथा परराष्ट्र मन्त्रालयका प्रतिनिधिको समेत उपस्थिति रहेको थियो ।